/

**गोरखा नगरपालिका, शिक्षक छनौट समिति**

**गोरखा नगरपालिका- ८, डुम्रीडाँडा गोरखा**

**शिक्षक करारमा पदपूर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

गोरखा नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ३४ को उपदफा ८ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयहरुमा रहेका रिक्त शिक्षक पद करारका माध्यमबाट अस्थायी पद पूर्ति गर्नुपर्ने भएकोले देहायको शर्त र परिधिको अधीनमा रही रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. रिक्त शिक्षक पदको किसिम, तह श्रेणी र विषय:**

**क. साविक उच्च माध्यमिक तह (दरबन्दी) :**

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | साविक उमावि | लेखाशास्त्र | ४०१/२०७९/८० | १ | खुला | दरबन्दी |

**ख. माध्यमिक तह (शिक्षण सहयोग अनुदान):**

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मावि | गणित | ३०१/२०७९/८० | १ | खुला | शिक्षण सहयोग अनुदान |
| २ | मावि | विज्ञान | ३०२/२०७९/८० | १ | खुला | शिक्षण सहयोग अनुदान |

**ग. निम्न माध्यमिक तह (शिक्षण सहयोग अनुदान):**

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निमावि | विज्ञान | २०१/२०७९/८० | १ | खुला | शिक्षण सहयोग अनुदान |
| २ | निमावि | अंग्रेजी | २०२/२०७९/८० | १ | खुला | शिक्षण सहयोग अनुदान |

**ख. माध्यमिक तह (नपा र कल्स ओभर रिजेज साझेदार शिक्षक):**

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मावि | गणित | ३०३/२०७९/८० | २ | खुला | साझेदार शिक्षक |
| २ | मावि | विज्ञान | ३०४/२०७९/८० | १ | खुला | साझेदार शिक्षक |
| ३ | मावि | अंग्रेजी | ३०५/२०७९/८० | १ | खुला | साझेदार शिक्षक |

**२. उम्मेदवारको योग्यता:** साविक उमावि तहको लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी साविक उमावि अस्थायी वा मावि तहको स्थायी अध्यापन अनुमति पत्र, माध्यमिक तह (शिक्षण सहयोग अनुदान र साझेदार शिक्षक) को लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी मावि तहको स्थायी अध्यापन अनुमति पत्र र निम्न माध्यमिक तहको लागि सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरी निमावि/मावि तहको स्थायी अनुमति प्राप्त गरेको हुनुपर्नेछ साथै ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

**३. सेवा सुविधा:**

क. उमाविको हकमा नेपाल सरकारको प्रचलित स्केल बमोजिम हुनेछ ।

ख. मावि तथा निमावि शिक्षण सहयोग अनुदानको हकमा शिक्षण सिकाइ अनुदान व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम हुनेछ ।

ग. मावि साझेदार शिक्षकको हकमा गोरखा नगरपालिका र कल्स ओभर रिजेज संस्थासँगको सम्झौता बमोजिम हुनेछ ।

**४. परीक्षाको किसिम:** लिखित (सामान्य र विषयगत) र मौखिक

**५. परीक्षा केन्द्र:** गोरखा नगर कार्यपालिकाको कार्यालय, गोरखा ।

**६. परीक्षा दस्तुर:** साविक उमावि र मावि तहको लागि रु. १०००।– र निमावि तहको लागि रु. ८००।-

**७. दरखास्त दिने स्थान:** शिक्षा, युवा तथा खेलकुद शाखा, गोरखा नगरपालिका ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

८. प्रथम पटक विज्ञापन भएको मिति: २०७९/०८/२७

९. दरखास्त दिने अन्तिम मिति: २०७९/०९/१२

१०. लिखित परीक्षा सञ्चालन हुने मिति , समय र स्थान : फोन मार्फत जानकारी गराइनेछ ।

११. अन्तरवार्ता: लिखित परीक्षाको नतिजा प्रकाशनसँगै मिति, समय र स्थान तोकिने छ ।

१२. दरखास्त फारामसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः

- नेपाली नगरिकताको प्रमाणित प्रतिलिपि ।
- सम्बन्धित तहको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
- सम्बन्धित तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि ।

१३. विज्ञापन सम्बन्धी थप जानाकारीहरु:

- शिक्षक सेवा आयोग नियमावली संशोधन सहित, २०५७ को नियम १० बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।
- विदेशी संस्थामा अध्ययन गरेको उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- सम्बन्धित तहको पाठ्यक्रम शिक्षक सेवा आयोगको वेवसाइट www. tsc. gov.np बाट डाउनलोड गर्न सकिने छ ।
- दरखास्त फारामको अग्र भागमा उम्मेदवारले आफ्नो नाम थर विज्ञापन नं. र आफूले परीक्षा दिने विषय, तह स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
- कुनै उम्मेदवारले झुटा विवरण/कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिने छ । यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिई सकेको भए नियुक्ति रद्द गर्ने तर्फ आवश्यक कारवाही गरिने छ ।
- रित नपुगेको वा शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन ।
- दरखास्त फारम gorkhamun.gov.np मा उपलब्ध छ ।

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा
झुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner